# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, कात्तिक २३ गते २०५० साल ( पूर्वाितिरिक्ताङ्क ४६ (क)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संविधान दिवसको उपलक्ष्यमा २०५० साल कार्तिक २३ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. नेपाल अधिराज्यको संविधान, २०४७ ले मानव अधिकारको सुरक्षा बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्र र कानूनी राज्यको अवधारणा जस्ता विषयहरूलाई आधारभूत कुरा मानी प्रजातान्त्रिक मूल्य र मान्यतामा आधारित समाजको निर्माण गर्ने लक्ष्य लिएको छ । यस संविधान-द्वारा व्यवस्था गरिएका कुराहरू सबैले अनुसरण गरी त्यसको भावना अनुरूप आचरण गर्दै अघि हिड्न सकेमात्र हामी आफ्नो लक्ष्यमा पुग्न सक्छौं । संविधान कुनै व्यक्ति वा समूह विशेषको मात्र नभई राष्ट्रिय हितको संरक्षण तथा सम्बर्द्धनका लागि बनेको हुनाले यसको मर्यादापूर्ण पालनाबाट मात्र प्रजातन्त्रको विकास हुन्छ । प्रजातन्त्रको लागि कुनै प्रश्नको समाधान संविधान भित्रैबाट खोज्नु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. यस संविधान दिवसले संविधानमा निहित प्रजातान्त्रिक सिद्धान्त र भावनाप्रति निष्ठावान भई नेपाल र नेपालीको सर्वोत्तम हितलाई अभिवृद्धि गर्न हामी सबैलाई प्रेरणा प्रदान गरोस्– यही हाम्रो कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।